मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

धनुषा जनकपुरधाम

प.सं२०८२/०८३
च.नं.

## सार्वजनिक, निजी साझेदारी मोडेलमा कष्टम हाईरिंग सेन्टर स्थापनाको लागि प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०१/१६**

कृषि ज्ञान केन्द्र धनुषाको आ. व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "सार्वजनिक निजि साझेदारी मोडेलमा custom hiring center स्थापनाको लागि प्रस्ताव आव्हान गर्नु पर्ने भएको हुँदा इच्छुक स्थानिय तह, सहकारी संस्था र कृषि जन्य उद्योगहरुले यो सुचना प्रकाशित भएको मितिले २१ औं दिन २०८३/०२/०५ गते सम्म कार्यालय समय भित्र "कष्टम हाईरिंग सेन्टर स्थापना तथा संचालन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि २०८१" अनुसार तोकिएको ढाँचामा तपशिल अनुसारको कागजातहरु संलग्न राखी खामबन्दी प्रस्ताव/निवेदन दर्ता गर्नु हुन आव्हन गरिन्छ । रित नपुगेको तथा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्ताव/निवेदन बुझाउन तथा विस्तृत सूचना र जानकारीको लागि यस कार्यालयमा वा केन्द्रको वेवसाइट www.akcdhanusha.gov.np बाट प्राप्त गर्न सकिने छ ।

अनुदानग्राहीको किसिम ( कस्टम हायरिङ्ग सेन्टर स्थापनाका लागि कम्तीमा ५ कठ्ठा जग्गा लागत सहभागिता वापतको रकम सुनिश्चित गरेका देहायका अनुदानग्राही हुन सक्ने छन ।

(क) स्थानिय तह (लागत साझेदारीमा कस्टम हायरिङ्ग सेन्टर स्थापना गर्न वजेट विनियोजन गरेको वा गर्न प्रतिबद्ध पालिकाहरु

(ख) सहकारी संस्थाहरु (प्रचलित कानुन अनुसार दर्ता भई कृषकहरु वाट वाली उत्पादन गराई खरिद कार्य गरि रहेको सहकारी संस्था

(ग) कृषि जन्य उद्योग (प्रचलित कानुन अनुसार दर्ता भई कृषकहरु वाट वाली उत्पादन गराई खरिद गर्ने उद्योग जस्तै (खाद्यान्न मिल वा चिनी मिल आदि ।

कस्टम हायरिङ्ग सेन्टर स्थापना लागि आवश्यक पुर्वाधारहरु ( कस्टम हायरिङ्ग सेन्टर स्थापना गर्न ईच्छुक स्थानिय तह/सहकारी संस्था/कृषि जन्य उद्योगले केन्द्र स्थापनाका लागि देहायका सेवा/सुविधा/पुर्वाधार भएको स्थान उपलब्ध गराउनु पर्नेछ ।

(क) कृषकहरुलाई सकभर पायक पर्ने स्थानमा कस्टम हायरिङ्ग सेन्टर स्थापनाका लागि आवश्यक घर/टहरा र जग्गा सम्बन्धित प्रस्तावकले उपलब्ध गराउनु पर्नेछ ।

(ख) कस्टम हायरिङ्ग सेन्टर स्थापना गर्ने प्रस्तावित जग्गा प्रस्तावकको स्वामित्वको हुनु पर्नेछ । सो नभएमा कम्तीमा १५ वर्ष अवधिका लागि प्रचलित कानुन बमोजिम भाडामा लिएको हुनु पर्नेछ ।

(ग) कस्टम हायरिङ्ग सेन्टर वाट सेवा सुविधा प्रयोग हुने स्थान सम्म यन्त्र, उपकरणहरुको सहज आवागमन हुनु पर्नेछ ।

(घ) कृषि यन्त्रहरुको मरम्मत सम्भारको लागि दक्ष जनशक्ती तथा सुरक्षा वन्दोबस्त अनुदानग्राहीले गर्नु पर्नेछ ।

प्रदिप कुमार यादव
प्रमुख

फोन नं ०४१-४२०१४८/४२०७३९ इमेल:akcdhanusha.chief@gmail.com

CamScanner

मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

धनुषा, जनकपुरधाम

प.सं२०८२/०८३
च.नं.

(ङ) विद्युत उपलब्धता भएको वा हुन सक्ने पर्नेछ ।

(च) प्रस्तावकको अंश न्यूनतम २५ प्रतिशत तथा कार्यालयको अधिकतम ७५ प्रतिशत अनुदान हुनेछ ।

प्रस्तावको ढाँचा र संलग्न गर्नु पर्ने कागजातहरु

(क) अनुदान माग गर्ने फारम नं.१ बमोजिमको आवेदन

(ख) कृषि उद्योगको हकमा दर्ता र नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर लिएको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधित्वको नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा अख्तियारी पत्र, सहकारी संस्थाको हकमा संचालक समितिको निर्णय, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी, लेखा परिक्षण तथा कर चुक्ता (पहिलो २ आ. व. सम्मको),

(ग) कस्टम हायरिङ्ग सेन्टरको लागि (कम्तीमा ५ कठा) आफ्नै वा सो नभए १५ वर्ष भाडामा लिन सक्ने अधिकारिक भाडाका कागजातहरु, जग्गाधानीको किता नं. खुलेको विवरण र कागजात

(घ) कस्टम हायरिङ्ग सेन्टरको लागि चाहिने उपकरणको कृषि ईन्जिनियर वा मेकानिकल इन्जिनियर वाट तयार नगरेको प्राविधिक स्पेशिफिकेशन, लागत अनुमान र श्रोत खुलाउनु पर्नेछ ।

(ङ) स्थानिय तह वा कृषि जन्य उद्योगको हकमा अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि

(च) कस्टम हायरिङ्ग सेन्टरको संक्षिप्त विवरण सहित प्रस्तावित जग्गमा स्वीकृत दिइएको व्यहोरा खुलेको स्थानिय तहको सिफारिस

(छ) प्रस्तावित स्थलमा कस्टम हायरिङ्ग सेन्टरको निर्णय गर्नुको आवश्यकता र औचित्य खुलेको सम्वन्धित स्थानीय तहको कृषि शाखाको सिफारिस पत्र ।

कार्यालय प्रमुख
प्रदिप कुमार यादव
पमस्व

फोन नं ०४१-४२०१४८/४२०७३९ इमेल:*akcdhanusha.chief@gmail.com*